मितिः-२०८२।०६।०२

श्री नेपाल सरकार,
अर्थ मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

**बिषयः ध्यानाकर्षण सम्बन्धमा।**

नेपाल बीमा प्राधिकरण नेपालको बीमा क्षेत्रको नियामक निकायको रुपमा बीमा ऐन २०७९, बमोजिम स्थापित गहन जिम्मेवारी बोकेको एक स्वशासित र संगठित संस्था हो। समग्र बीमा बजारलाई नियमन गर्दै, बीमितको हक हित संरक्षण गर्नु र बीमा क्षेत्रलाई वित्तीय प्रणालीको एउटा सशक्त खम्बाको रुपमां स्थापित गर्न यस संस्थाको मुख्य कार्य तथा उद्देश्य रहेको कुरा सर्वविदितै छ।

वित्तीय प्रणालीको महत्वपूर्ण क्षेत्र तथा बीमा क्षेत्रलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनिय बनाउन जारी भएको बीमा ऐन, २०७९ मा अध्यक्षको योग्यता, नियुक्ति तथा पदावधिको सम्बन्धमा स्पष्ट व्यवस्था रहेको अवस्थामा विगत १ (एक) वर्ष देखि यस कार्यालयमा अध्यक्षको नियुक्ति प्रकृयामा देखिएको अस्थिरता सम्बन्धमा प्राधिकरणका कर्मचारीहरुको ध्यानाकर्षण भएको छ। यस अवस्थाले कर्मचारी तथा बीमा क्षेत्रका सबै सरोकारवालाहरुमा एक किसिमको नैराश्यता उत्पन्न भएको छ। हाल देशमा भैरहेको विषम परिस्थितिलाई मध्येनजर गर्दा समेत बीमा क्षेत्रको महत्वलाई उजागर गरी राज्य तथा जनमानस (बीमित) मा भएको आर्थिक क्षतिबाट पुनरुत्थान गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्ने समयमा नियामक निकायमा देखिएको नेतृत्वको अस्थिरताका साथै एक बर्षको अवधिमा ४।५ पटक अध्यक्ष परिवर्तन भैरहेको सन्दर्भमा समग्र बीमा क्षेत्र तथा कर्मचारीहरुको मनोवल खस्किएको हुँदा यथाशक्य निकास दिई हालको परिस्थितीलाई सहजिकरण गर्ने बातावरण सृजना गरिदिनुहुन संस्थाका समग्र कर्मचारी, तथा ट्रेड यूनियन यहाँको ध्यानाकर्षण गराउन चाहन्छौं।

(प्रेमहरि पोखरेल)
नेपाल बीमा प्राधिकरण कर्मचारी यूनियन
अध्यक्ष

(दिपक सवाली)
नेपाल बीमा प्राधिकरण कर्मचारी संगठन
अध्यक्ष

**अवगतार्थ-**

१. श्री संचालक समिति, नेपाल बीमा प्राधिकरण, कुपण्डोल ललितपुर।
२. श्री कार्यकारी निर्देशक, नेपाल बीमा प्राधिकरण, कुपण्डोल ललितपुर।
३. श्री निर्देशकहरू, नेपाल बीमा प्राधिकरण, कुपण्डोल ललितपुर।

Scanned with CamScanner